हस्तकला समाचार मुखपत्र
नेपाल हस्तकला महासंघ

वर्ष १५ | पौष २०६५ | अंक ९४

# प्राकृतिक रेशा व्यवसाय विकास सम्बन्धी सीप प्रशिक्षण

*प्राकृतिक रेशाबाट विभिन्न नेपाली हस्तकलाका वस्तुहरु उत्पादन गर्ने गरेको र यसबाट विशेष गरी धेरै संख्यामा महिला उद्यमीहरुलाई स्वरोजगार को अवसर प्राप्त हुने भएको छ । महासंघको निकासी तथ्यांक अनुसार हस्तकलाको निकासीमा प्राकृतिक रेशाजन्य वस्तुहरुको महत्वपूर्ण स्थान समेत रहँदै आएको छ । यसै परिप्रेक्ष्यमा केराको बोटबाट रेशा उत्पादन गर्ने सीप एवं दक्षता अभिबृद्धि गर्ने उद्देश्यले यस महासंघ र औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (IEDI), वातावरण व्यवस्थापन प्रतिष्ठान (IEM) को संयुक्त आयोजनामा नवलपरासीको कावासोतीमा २०६५ मंसिर ६ देखि ९ गतेसम्म केराको रेशा व्यवसाय विकास सम्वन्धी प्रशिक्षण संचालन गरियो । महासंघको प्राकृतिक रेशा वस्तु विकास समितिको संयोजनमा संचालित उक्त प्रशिक्षणको श्रोतव्यीक्तमा विषयविज्ञ डा. ऋद्धिवीर सिंह रहनु भएको थियो । उक्त प्रशिक्षणमा सहभागीहरुलाई केराको बोटको महत्व र उपयोगिता, केराबारीबाट सिंगो केराको बोट काट्ने, आवश्यकता अनुसार विभिन्न साइज र स्वरुपमा काट्ने, तौलन, मेसिनमा पेलेर रेशा निकाल्ने, सुकाउने जस्ता रेशा निकाल्ने प्रक्रिया सम्बन्धी जानकारी गराइएको थियो । साथै उक्त प्रशिक्षणमा सहभागीहरुलाई विभिन्न समूहमा विभाजन गरी रेशा निकाल्ने अभ्यास समेत गराइएको थियो । सो क्रममा प्रशिक्षार्थीहरुबाट केराको बोटबाट प्रति दिन ५ देखि १० केजी सम्म रेशा निकाल्ने प्रयास भएको थियो ।*



*प्रशिक्षणको क्रममा श्रोतव्यक्ति विषयगत जानकारी प्रस्तुत गर्दै*

केरा रेशा व्यवसाय विकास सम्बन्धी यस पहिलो चरणको प्रशिक्षणमा कावासोती गा.वि.स.स्थित मिलिजुली महिला वहुउद्देश्यीय सहकारी संस्था लि. का १५ जना महिला उद्यमी सदस्यहरुको सहभागिता थियो । कार्यक्रममा यस महासंघको प्राकृतिक रेशा वस्तु विकास समितिकी सभापति श्रीमती दिव्यतारा तुलाधर र समिति सचिव श्रीमती लोचना धाख्वाको पनि सहभागिता रहेको थियो ।

## यस भित्र .....

* Patch Work सम्बन्धी प्रशिक्षण
* जापान फेस्टिभलमा सहभागिता
* दिल्ली हाट व्यापार मेलामा सहभागिता
* प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली
* आ.व. ६५/६६ बजेटमा कर राजस्वमा भएका मुख्य परिवर्तन
* सूचना तथा परिपत्र
* Outware, The market for knitted tops
* विविध

## ऊनी वस्तु बुनाई सम्बन्धी प्रशिक्षण

ऊनीजन्य वस्तु उत्पादनमा संलग्न उद्यमी व्यवसायीहरुको सीप अभिबृद्धि गरी गुणस्तरीय वस्तु उत्पादन गर्न सक्षम तुल्याउने उद्देश्यले महासंघको ऊनी वस्तु विकास समितिको संयोजनमा २०६५ मंसिर ८ गतेदेखि हस्तकला डिजाइन तथा विकास केन्द्रमा ऊनी वस्तु बुनाई सम्बन्धी प्रशिक्षण संचालन गरियो । २०६५ पौष ७ गतेसम्म संचालन हुने उक्त प्रशिक्षणको श्रोतव्यक्तिमा श्रीमती लीला जोशी रहनु भएको छ । प्रशिक्षणमा सहभागीहरुलाई विभिन्न ऊनीजन्य वस्तु बुनाई गर्ने प्रक्रिया र सीप सिकाइने छ । उक्त प्रशिक्षणमा ऊनीजन्य वस्तु उत्पादनमा संलग्न ११ जना उद्यमी व्यवसायीहरुको सहभागिता रहेको छ ।



## Patch Work सम्बन्धी प्रशिक्षण

सूतिजन्य वस्तुको डिजाइन विकास गरी स्तरीय एवं निकासीयोग्य वस्तु उत्पादन गर्न सक्षम तुल्याउने उद्देश्यले यस महासंघको सूति वस्तु विकास समितिको संयोजनमा २०६५ मंसिर २९ देखि पौष ४ गतेसम्म हस्तकला डिजाईन तथा बिकास केन्द्रमा Patch Work सीप सम्बन्धी प्रशिक्षण संचालन गरियो। २०६५ मंसिर २९ गतेबाट शुभारम्भ गरिएको उक्त प्रशिक्षणको प्रारम्भमा महासंघको सुति वस्तु विकास समितिकी सभापति श्रीमती यशोदा बैद्यले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुहुँदै प्रशिक्षणमा महत्वपूर्ण ज्ञान र सीप सिक्न आग्रह गर्नुभयो । श्रीमती छोरीमैयाँ महर्जन श्रोतव्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा सूतिजन्य वस्तु उत्पादनमा संलग्न १० जना उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो । प्रशिक्षणको क्रममा सहभागीहरुलाई कुसन कभर, बेड सीट, पील्लो कभर, पट होल्डर जस्ता सूतिजन्य वस्तुहरुमा आकर्षक डिजाइन राखी सिलाई गर्ने सीप सिकाइएको थियो । यस प्रशिक्षणबाट सहभागीमा Patch Work सम्बन्धी सीप अभिबृद्धि भई सूतिजन्य नवोदित वस्तु उत्पादन तथा डिजाइन बिकास गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।



*प्रशिक्षणमा श्रोतव्यक्ति सहभागीहरुलाई सैद्धान्तिक जानकारी गराउँदै*

## जापान फेस्टिभलमा सहभागिता

नेपाल र जापानबीच भएका आर्थिक, सांस्कृतिक तथा वाणिज्य सम्बन्धी विभिन्न गतिविधि तथा अन्य जानकारी गराई दुई मुलुकबीच आर्थिक, सांस्कृतिक एवं व्यवसायिक सम्बन्ध बिकास गराउने उद्देश्यले जापानीज चेम्बर अफ कमर्स, जापानी राजदूतावास र जाइकाको संयुक्त आयोजनामा हालै काठमाडौंमा जापानीज महोत्सवको आयोजना गरि यो । उक्त अवसरमा जापानको कला, संस्कृति, रहन सहन, भेषभूषा, प्रविधि तथा अन्य विविध जानकारीहरु प्रस्तुत गरिएको थियो। नेपालस्थित जापानी राजदूतावासका मिनिष्टरको समेत उक्त प्रदर्शनी एवं महोत्सवमा उच्च पदस्थ नेपाली पदाधिकारीहरु, जापानी पदाधिकारी लगायत सम्बन्धित धेरै महानुभावहरुको उपस्थिति रहेको थियो । सो अवसरमा मन्तव्य व्यक्त गर्दै जापानी राजदुतावासका मिनिष्टर श्री तादासी फुजीवाराले वर्तमान सरकारको नयाँ नेपाल बनाउने अभियानमा जापान सरकारको तर्फबाट सक्दो सहयोग गर्ने बताउँदै महासंघको संयोजनमा शुरुवात भएको एक गाउँ एक उत्पादनको अभियानबाट गुणस्तरीय वस्तु तथा उत्पादकत्व बृद्धि भई नेपालको आर्थिक प्रबर्द्धनमा टेवा पुग्ने अपेक्ष गर्नुभो। उक्त अवसरमा महोत्सव आोजक समितिका अध्यक्ष श्री जुनको नातो र सो समितिका महासचिव श्री हिदेआकी तादाकाले महोत्सवको महत्व, उद्देश्य र विविध पक्षबारेमा विवेचना गर्नु भएको थियो ।

Cool Japan नाम दिइएको उक्त मेलामा महासंघको हस्तकला डिजाइन तथा विकास केन्द्रबाट तयार पारिएका डिजाइनहरुको प्रदर्शनी गर्नुका साथै उक्त केन्द्रको Product Counseling कार्यक्रमबाट जापानीज स्वयम् सेविका अरुणा (माकिको मियाजाकी)ले डिजाइन गरी महासंघका सदस्यहरुबाट उत्पादित हस्तकलाका बस्तुहरु प्रदर्शनी गरिएको थियो । उक्त क्रममा प्रर्दशनी अवलोकनकर्ताहरुलाई नेपाल हस्तकला महासंघ र हस्तकला डिजाइन तथा बिकास केन्द्रकोबारे जानकारी दिइएको थियो ।

## दिल्ली हाट व्यापार मेलामा सहभागिता

नेपाली हस्तकला वस्तु उत्पादन तथा व्यवसायमा संलग्न उद्यमी व्यवसायीहरुलाई हस्तकला वस्तुको उत्पादन योजना, व्यवसायिक योजना तथा बजारीकरण योजना सम्बधी चरणबद्ध प्रक्रिया सम्बन्धी जानकारी एवं सीप सिकाई सम्भाव्य व्यापारी तथा बजारसम्म पुग्ने सहज पहुँच विकास गर्ने उद्देश्यले PlanNet Finance, नेपाल हस्तकला महासंघ र महिला उद्यमी महासंघ नेपाल (FWEAN) को संयुक्त साझेदारीतामा SME link नामक परियोजना संचालन हुँदै आएको छ । यस परियोजनाबाट पहिलो वर्षमा मूर्तिकला, पश्मिना तथा चाँदी गर गहनामा संलग्न १०० भन्दा बढि उत्पादक, उद्यमी तथा व्यवसायीहरुलाई व्यवसायिक योजना, उत्पादन योजना, बजारीकरण योजना तयारी सम्बन्धी प्रशिक्षण प्रदान गरिसकिएको छ । प्रशिक्षणपश्चात सहभागीहरुले आ-आफ्नो व्यवसायिक परिवेश, वस्तुस्थितिको आधारमा तयार गरिएको व्यवसायिक योजनाहरु (Business Plan) मध्येमा उत्कृष्ट ठहरिएका केहीलाई पुरस्कृत समेत गरिएको छ।

परियोजनाको लक्ष्य अनुरुप धातुकला, पश्मिना र चाँदी गर गहनाका हस्तकला वस्तुहरुका साना तथा मझौला उद्यमी व्यवसायीहरुलाई आफ्ना उत्पादनहरुको बजार प्रबर्द्धनका लागि सम्भाव्य व्यापारी एवं निकासीकर्ताहरुसंग प्रत्यक्ष सम्बन्ध विकास गराउने उद्देश्यले दिल्ली हाट व्यापार मेलामा सहभागिता गराइयो। भारतको दस्तकारी हाट समितिद्वारा भारतको दिल्ली शहरमा २०६५ पौष १ देखि १५ (सन् २००८ डिसेम्बर १६ देखि ३० तारिख) सम्म आयोजना हुने उक्त मेलामा २५ जना हस्तकला उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो। मेला सहभागिताको क्रममा सहभागीहरुलाई Corporate Identity, Branding, प्याकेजिङ्ग, Color forecasting & Fashion Trend तथा पश्मिना, धातुकला र गर गहना डिजाइन विकास सम्बन्धी विषयगत जानकारी गराइने कार्यक्रम रहेको थाहा भएको छ ।

# जानकारी

## प्राइभेट फर्म रजिष्ट्रेसन (छैठौं संशोधन) नियमावली, २०६५

प्राइभेट फर्म रजिष्ट्रेसन नियमावली, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम प्राइभेट फर्म रजिष्ट्रेसन (छैठौं संशोधन) नियमावली, २०६५ रहेको छ ।

(२) यो नियमावली २०६५ भाद्र ४ गतेदेखि प्रारम्भ भएको मानिने छ ।

**२. प्राइभेट फर्म रजिष्ट्रेसन नियमावली, २०३४ को नियम ७ मा संशोधन**:

प्राइभेट फर्म रजिष्ट्रेसन नियमावली, २०३४ को नियम ७ को (१) उपनियम (४) को खण्ड (च) मा रहेका पचास लाख रुपैयाँ वा सोभन्दा माथि भन्ने शब्दहरुको सट्टा पचास लख रुपैयाँभन्दा माथि भन्ने शब्द राखिएका छन् ।

(२) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ : (५) उपनियम (३) बमोजिमको अवधिभित्र पनि प्राइभेट फर्म नवीकरण गराउन नसकेको प्राइभेट फर्म धनीले प्राइभेट फर्म नवीकरण गराउन नसकेको मनासिव कारण देखाई सो अवधि समाप्त भएको मितिले ६ महिनाभित्र नवीकरणको लागि दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा मनासिब देखिएमा सम्बन्धित कार्यालयले तोकिए बमोजिमको नवीकरण दस्तूर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरी दिनुपर्नेछ ।

## आ.व २०६५/६६ मा कर राजश्वमा भएका मुख्य मुख्य परिवर्तनहरू

भन्सार सेवा दस्तुर : नेपालबाट विदेश निकासी हुने माल वस्तुको प्रति प्रज्ञापन पत्रमा निकासी वापत रु. ६००। (साविकमा रु. ५००।) र पैठारी हुने माल वस्तुमा रु. ५००। (साविकमा रु. १००। ) सेवा दस्तुर लाग्ने । तर निकासी महसुल लाग्ने मालवस्तुहरु, कुटनैतिक तथा महसुल सुविधामा निकासी पैठारी हुने मालवस्तुहरु र पाँचहजार रुपैंयासम्ममा मूल्यको निकासी वा पैठारी हुने मालवस्तुहरुमा यो दस्तुर लाग्ने छैन ।

**पर्यटन सेवा शुल्क** : १) नेपालबाट हवाईमार्ग भई बाहिर प्रस्थान गर्ने प्रत्येक विदेशी नागरिबाट नेपाल पर्यटन बोर्डले प्रति व्यीक्त पाँच सय रुपैया पर्यटन सेवा शुल्क लगाई असुल उपर गर्नेछ । २) उपदफा (१) बमोजिम उठाएको पर्यटन सेवा शुल्क नेपाल पर्यटन बोर्डले आफ्नो कोषमा जम्मा गरी नेपाल पर्यटन बोर्ड ऐन, २०५३ र सो अन्तर्गत बनेका नियम एवं विनियमको अधिनमा रही पर्यटन प्रबर्द्धन सम्बन्धी कार्यमा खर्च गर्न पाउनेछ ।

तर बोर्डले पर्यटन प्रबर्द्धन सम्बन्धी कार्य गर्दा आफूलाई प्राप्त भएको रकमको १० प्रतिशत रकम विमानस्थलको यात्रु सुविधा सम्बन्धी कार्यमा र १५ प्रतिशतसम्म रकम आफ्नो प्रशासनिक कार्यमा खर्च गर्न पाउनेछ ।

(३) उपदफा (२) बमोजिमको कोषको लेखा परीक्षण पर्यटन विकास बोर्डले महालेखा परीक्षकबाट गराउनु पर्नेछ ।

**युवा स्वरोजगार कोष कर** : संवैधानिक निकायका पदाधिकारी, सबै सरकारी कर्मचारी, विश्व विद्यालय तथा विद्यालयका शिक्षक तथा कर्मचारी, निजी तथा गैर सरकारी क्षेत्रका संघ संस्थामा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको शुरु तलब सकेलको १ दिन बराबर को पारिश्रमिक २०६५ पौष महिनाको पारिश्रमिकबाट कट्टा गरी रोजगारी प्रबर्द्धन कार्यको लागि जम्मा गरिनपर्ने ।

**कर फछ्र्यौट आयोगसाग भएको सम्झौता सम्बन्धी व्यवस्था** : विगतमा गठित कर फछ्र्यौट आयोग र करदाताबीच भएको सम्झौता अनुसार दाखिला गर्न बाँकी रहेको कर रकम र सोमा लाग्ने व्याज शुल्क जरिवाना समेत २०६५ साल पौष मसान्तभित्र बुझाएमा आयोगबाट गरेको सम्झौता मान्य हुने साथै सम्झौताको अवधिमा दाखिला नगरी सोभन्दा पछि दाखिला गरिसकेकाको हकमा समेत यो व्यवस्था लागू हुने ।

**मूल्य अभिबृद्धि करमा दर्ता भएमा कर, थप दस्तुर, ब्याज, जरिवाना, थप दस्तुर मिनाहा हुने :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १० को उपदफा (२) मा उल्लेखित कारोबार तथा मूल्य अभिबृद्धि करमा दर्ता हुनुपर्ने दायित्व भएका व्यवसायी २०६५ साल पौष मसान्तसम्ममा दर्ता भई कारोबार गरेमा दर्ता नभएको अवधिमा लाग्ने मूल्य अभिबृद्धि कर, थप दस्तुर, ब्याज र जरिवाना मिन्हा हुनेछ । उक्त अवधिभित्र पनि दर्ता नभई कारोबार संचालन गरेमा साविकदेखिको तिर्नु बुझाउनु पर्ने सम्पूर्ण कर, जरिवाना तथा थप दस्तुर समेत असुल उपर गरिनेछ ।

**सहकारी संघ/संस्थालाई लाग्ने आयकर, शुल्क, ब्याज सम्बन्धी विशेष व्यवस्था :**

सहकारी ऐन, २०४८ बमोजिमदर्ता भई आयकर ऐन, २०५८ को दफा ११ को उपदफा (२) बमोजिम कर नलाग्ने सहकारी संस्था वा संघ बाहेकका सहकारी संस्था वा संघले सम्बन्धित निकायमा पेश गरेका स्वीकृत लेखा परीक्षकबाट भएको लेखापरीक्षण प्रतिवेदनको आधारमा आय वर्ष २०६३/०६४ को आय विवरण र सोमा लाग्ने आयकर २०६५ साल पौष मसान्तसम्म दाखिला गरेमा सो भन्दा अगाडिको आय विवरण पेश गर्नुपर्ने छैन र लाग्ने कर, जरिवाना, शुल्क, ब्याज तथा थप दस्तुर छुट हुनेछ । यसरी सुविधा दिइएको अवधिभित्र पनि रकम नबुझाउने सहकारीलाई साविकदेखिको तिर्नु बुझाउनु पर्ने सम्पूर्ण कर, जरिवाना, ब्याज, शुल्क तथा थप शुल्क समेत असुल उपर गरिनेछ ।

**आयको घोषणा गरी कर तिर्न सक्ने :**

(१) जुनसुकै स्रोतबाट प्राप्त गरेको आय भए पनि आयकर ऐन, २०५८ तथा साविकमा प्रचलित नेपाल कानून बमोजिम आयकर लाग्ने त्यस्तो आयबाट २०६४ साल आषाढ मसान्तसम्ममा सम्पत्ति आर्जन गरेको तर त्यस्तो आयमा लाग्ने कर नतिरेको व्यक्तिले २०६५ साल श्रावण १ मा रहेको मूल्यको दश प्रतिशतले स्वयं घोषणाद्वारा २०६५ साल माघ मसान्तभित्र आयकर तिरेमा त्यस्तो सम्पत्तिको स्रोतको बारे कुनै पनि प्रयोजनको लागि कुनै पनि निकायबाट छानविन गरिने छैन र यसरी तिरेको करलाई अन्तिम कर मानिने छ र अन्य जरिवाना तथा शुल्क समेत लाग्ने छैन । त्यस्तो घोषित आय साविक कारोबारको कल आयमा समेत जोडिने छैन ।

**शुन्य कर लाग्ने वस्तु तथा सेवा**

१. नेपालबाहिर निर्यात हुने वस्तु: वस्तुक आपूर्ति देहाय बमोजिम भएको छ भन्ने कुरा प्रमाणित भएमा
(क) नेपाल बाहिर निर्यात गरेको वा (ख) नेपाल बाहिर गन्तव्य स्थान भएको अन्तरराष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको, वा (ग) नेपाल बाहिर गन्तव्य स्थान भएको अन्तर राष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको ।

२. नेपाल बाहिरको व्यक्तिलाई आपूर्ति हुने सेवा : क) नेपालभित्र बसोबास भएको व्यक्तिले नेपालमा कुनै व्यवसायिक कारोबार, व्यवसायिक प्रतिनिधित्व वा कानूनी रुपमा मान्य प्रतिनिधि नभएको नेपालबाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवा, ख) नेपालभित्र बसोबास भई दर्ता भएको व्यक्तिले नेपालबाहिर बसोबास भएको व्यक्तिलाई गरेको वस्तु वा सेवाको आपूर्ति ।

३. नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसमा कुटनैतिक सुविभा प्राप्त व्यक्ति वा नियोगले तथा महसुल सुविधा प्राप्त कुटनैतिक नियोगमा कार्यरत यक्तिले पैठारी गर्ने वस्तु तथा सेवा ।

४. साविकको कुनै सन्धी वा सम्झौतामा पैठारी गर्दा बिक्रीकर छुट प्रदान गरिएको भए सम्बन्धित आयोजनाको सिफारिसमा ती सन्धी वा सम्झौता बहाल रहेसम्म दर्ता भएका करदातासँग स्थानीइ खरिद गरेमा त्यस्तो आपूर्तिमा शुन्य दरको सुविधा प्रदान गरिनेछ ।

५. प्रचलित कानून बमोजिम स्थापना भएको विशेष आर्थिक क्षेत्रमा संचालन भएको उद्योगलाई बिक्री गरिने कच्चा पदार्थ तथा उत्पादित सामान ।

६. वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रको सिफारिसमा सौर्य शक्तिबाट उर्जा उत्पादन गर्ने संयन्त्र तथा उपकरणमा प्रयोग हुने ब्याट्री स्वदेशी उद्योगबाट उत्पादन हुने भई सोही उद्योगबाट आपूर्ति गर्ने भएमा बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रको सिफारिस र विभागले तोकेको प्रक्रिया बमोजिम सो उद्योगलाई सो कारोबारमा शून्य दरको सुविधा प्रदान गरिनेछ ।

७. जल विद्युत आयोजनाका लागि आवश्यक पर्ने यन्त्र उपकरणहरु, पेनस्टक पाईप वा सो बनाउन प्रयोग हुने फलामे पाता स्थानीय उद्योगबाट उत्पादन हुने भई सोही उद्योगबाट आपूर्ति गर्ने भएमा बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रबाट स्वीकृत हुनेको हकमा सो केन्द्रको र वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रको स्वीकृतिमा संचालन हुनेदेखि बाहेक अन्य आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिस र विभागले तोकेको प्रक्रिया बमोजिम सो उद्योगलाई सो कारोबारमा शुन्य दरको सुविधा प्रदान गरिनेछ ।

८. घरेलु तथा साना उद्यमीहरुले स्वदेशमा उत्पादन गरेका मूर्तिकला, चित्रकला, वस्तुकला त्यस्तै प्रकारका अन्य हस्तकलाहरुका सामान नेपालका स्वीकृत निर्यात गृह (एक्सपोर्ट ट्रेडिङ्ग हाउस) मार्फत विदेश निकासी गरेमा त्यस्ता सामान उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थमा तिरेको मूल्य अभिबृद्धि कर आन्तरिक राजश्व विभागले तोकेको प्रक्रिया पूरा गरेपछि फिर्ता दिइनेछ ।

*(स्रोत :- नेपाल राजपत्र, २०६५ असोज ३, अतिरिक्ताङ्क २६)*

# सूचना तथा परिपत्र

## आयको स्वयं घोषणा सम्बन्धी सूचना

नेपाल सरकार, आन्तरिक राजश्व विभागको मिति २०६५ मंसिर १७ गतेको परिपत्रबाट आयको स्वयं घोषणा सम्बन्धमा देहाय बमोजिम सूचना जारी गरिएको हुँदा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

आर्थिक ऐन, २०६५ को दफा ३४ ले जुनसुकै श्रोतबाट प्राप्त गरेको आय भए पनि आयकर ऐन, २०५८ तथा साविकमा प्रचलित नेपाल कानूनबमोजिम आयकर लाग्ने त्यस्तो आयबाट २०६४ सा आषाढ मसान्तसम्ममा सम्पत्ति आर्जन गरेको तर त्यस्तो आयमा लाग्ने कर नतिरका व्यक्तिले २०६५ साल श्रावण १ मा रहेको मूल्यको १० प्रतिशतले स्वयं घोषणाद्वारा २०६५ माघ मसान्तभित्र आयकर तिरेमा त्यस्तो सम्पत्तिको श्रोतको बारे कुनै पनि प्रयोजनको लागि कुनै पनि निकायबाट छानबीन नगरीने, त्यसरी तिरेको करलाई अन्तिम कर मानिने, अन्य जरिवाना तथा शुल्क समेत नलाग्ने र त्यस्तो घोषित आय साविक कारेबारकको कूल आयमा समेत नजोडिने व्यवस्था गरेको छ ।

विगतमा आय आर्जन गरेका तर प्रचलित कानून बमोजिम कर नतिरेका वा आंशिक रुपमा मात्र कर तिरेका व्यक्तिहरुलाई आफ्नो त्यस्तो आयको स्वयं घोषण गरी कर तिर्न नेपाल सरकारले प्रदान गरको यस्तो अवसरलाई उपयोग गरी मौकाको फाइदा लिन सम्वद्ध सबैमा जानकारी गराइन्छ ।

## न्यूनतम पारिश्रमिक कार्यान्वयन सम्बन्धमा भएको सहमती

नेपाल सरकारले उद्योग/प्रतिष्ठानका कामदार तथा कर्मचारीका लागि हाल निर्धारण गरेको न्यूनतम तलब र महँगी भत्ताको कार्यान्वयन सम्बन्धमा निम्नानुसार गर्न गराउन नेपाल उद्योग वाणिज्य महासंघ र ट्रेड यूनियन महासंघहरुबीच हालै सहमती भएको छ ।

१. निम्न वर्गिकरणमा रहेका कामदार/कर्मचारीहरुको न्यूनतम तलव र महंगी भत्ता गरी अदक्ष, अर्धदक्ष, दक्ष र उच्च दक्ष श्रमिकको न्यूनतम पारिश्रमिक क्रमशः रु. ४६००।, ४६५०।, ४७६०। र ४९५०। पुर्‍याउने ।

२. कुनै उद्योग/प्रतिष्ठानले न्यूनतम तलव र भत्तामा वृद्धि गरेको रहेछ भने त्यस्तो वृद्धि रकमलाई हाल वृद्धि भएको तलव र महंगी भत्तामा समायोजन गर्ने ।

३. उक्त पारिश्रमिक २०६५ साल असोज १ गतेदेखि लागू हुने गरि कार्यान्वयन गर्ने ।

४. दैनिक ज्यालादारीको हकमा प्रति दिन रु. १९०। न्यूनतम ज्याला लागू गर्ने ।

५. श्रम एवं औद्योगिक क्षेत्रमा देखिएका समस्या समाधानको लागि व्यवस्थापन र ट्रेड यूनियन पक्षवीच आपसी सहमति कायम गर्दै अघि बढ्ने ।

उक्त सहमति पत्रमा नेपाल उद्योग वाणिज्य महासंघ र ट्रेड यूनियन महासंघहरुको तर्फबाट नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री कुशकुमार जोशी र नेपाल ट्रेड यूनियन महासंघका अध्यक्ष श्री मुकुन्द न्यौपाने लगायत अन्य ट्रेड यूनियनका प्रतिनिधिहरुले हस्ताक्षर गर्नुभएको छ ।

---

## नेपाल हस्तकला महासंघ
**FEDERATION OF HANDICRAFT ASSOCIATIONS OF NEPAL**

२०६५/८/२९

### प्रेस विज्ञप्ति

**कामदार/ कर्मचारीहरुको न्यूनतम पीरश्रमिक सम्बन्धी व्यवस्था ।**

हस्तकला उद्योग व्यवसायले देशमा १० लाखभन्दा बढि व्यक्तिलाई रोजगारी प्रदान गरी रहेको छ । यो उद्योग व्यवसाय अत्यन्त थोरै पूँजी र स-सानो प्रविधि प्रयोग गरी घर घरमा संचालन भई रहेको छ । यो क्षेत्र अन्य ठुला मझौला उद्योग जस्तो संगठित अवस्थामा पुगी सकेको छैन । यो व्यवसाय सीप प्रधान र श्रममूलक व्यवसायको रुपमा रही आएको छ ।

हस्तकला क्षेत्र ठुला तथा मझौला उद्योग व्यवसायभन्दा पृथक पहिचान बोकेको भिन्नै प्रकृतिको व्यवसाय भएकाले यसलाई ठुला तथा मझौला उद्योगका कामदार श्रमिकहरुसंग तुलना नगरी छुट्टै वर्गीकरणभित्र राखी न्यूनतम तलब सुविधा निर्धारण गर्न नेपाल सरकार लगायत अन्य सरोकारवालाहरुसँग हार्दिक अपिल गर्दछौं ।

धर्मराज शाक्य
महासचिव

---

## मकवानपुर हस्तकला उद्योग संघ तदर्थ समिति गठन

स्थानीय हस्तकला उद्योगको विकास एवं प्रबर्द्धन गर्ने उद्देश्यले हालै हेटौडाको मकवानपुरमा विभिन्न विधाका हस्तकलामा संलग्न स्थानीय हस्तकलाकर्मी तथा उद्यमीहरुको भेलाबाट तहाँ मकवानपुर हस्तकला उद्योग संघ तदर्थ समिति गठन गरियो । श्री ज्ञानभक्त लामाको संयोजकत्वमा गठित उक्त संघको सह संयोजक, सचिव, सह सचिव र कोषाध्यक्षमा क्रमशः श्री लक्ष्मी डंगोल, रामकुमार राई, शर्मिला श्रेष्ठ र महेश कर्माचार्य रहनु भएको छ । उक्त संघ गठनबाट आगामी दिनमा मकवानपुरमा स्थानीय हस्तकला उद्योग व्यवसायको व्यवस्थित विकास एवं प्रबर्द्धनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# OUTERWEAR
# The market for flat knitted tops for women in the EU

This survey discusses the EU in general and the following markets in particular: Germany, the United Kingdom, France, Italy, Spain, The Netherlands and Belgium. It provides information on consumption, production & trade (market sizes and trends), trade channels for market entry, prices, market access requirements and business practices & sales promotion.

## Report Summary

This CBI market survey discusses the following highlights for the EU market for flat knitted tops for women:

- During the period 2003-2007, consumption of flat knitted tops for women increased by an annual 1.6% in volume to 818 million tops and by 0.3% in value to • 18.3 billion, which indicates 5.0% lower average consumer prices.
- EU production of the product group reviewed decreased by an annual 7.4% to almost • 3.0 billion during the period 2003-2007
- The EU imported 1.46 billion knitted tops for women at a value of almost • 8.9 billion in 2007, indicating an average import price of • 6.07 per unit. The average import price fell 15.5% in the period 2003-2007, caused by factors like intensified price competition among suppliers and a cheaper US dollar. Total imports increased, while production for the EU market decreased, which indicates that the import share in the slightly increasing consumer market grew.
- Germany remained by far the leading importer in the product group under review, despite a fall in imports of 8.3% in the period 2003-2007. The German import share accounted for 24% in terms of value in 2007, followed by France (17%) and the UK (15%).
- The import share of developing countries (DCs) in EU imports of flat knitted tops for women increased from 42% in 2003 to 47% in 2005 and levelled off in 2006 and in 2007. Leading exporters to the EU were China (16% of total imports in 2007), Germany (9%), Bangladesh (8%) and Hong Kong (7%), followed by Turkey, France and DCs such as Cambodia, Indonesia and Thailand.
- Generally, selling to importing wholesalers offers the most advantages for starting and/or SME exporters. However, it should be noted that several other potential opportunities should be open to an exporter.

This survey aims to provide exporters of flat knitted tops for women in DCs with product specific market information related to gaining access to the EU market(s). By focusing on the EU market(s) for one product(group), this document provides additional in-depth information, complementary to the more general information and data provided in the CBI market survey 'The outerwear market in the EU', which can be downloaded from http://www.cbi.eu/marketinfo.

Detailed information on the selected product (group) is given in appendix A. This survey discusses the EU in general and the following markets in particular: Germany, United Kingdom, France, Italy, Spain, The Netherlands and Belgium.

## 1 Market description: consumption and production

### Consumption

During the period 2003-2007, consumption of flat knitted tops for women increased by an annual 1.6% in volume to 818 million tops and by 0.3% in value to • 18.3 billion. General factors affecting the market for knitted tops for women have been:

- More casual way of dressing. The trend in favor of more casual and leisurewear implies the purchase of more knitted garments, rather than woven garments;
- A polarization of the market, with an increased distinction between up-market fashionable goods and cheap imported products;
- There has been a general move towards lighter, softer materials (mainly man-made fibres which look and feel like cashmere and other hair) and with increased emphasis on color; Knitwear is more comfortable than woven apparel, because of stretch ability and its easy care properties (wrinkle-free and no-ironing). The seven major EU countries covered 80% of the total EU market. Germany is still the largest market, despite a fall in consumption during the period 2003-2005. Among the major EU countries, growth in volume was stronger than growth in value. Growth in the new EU member states was higher than the average EU growth. Average consumer prices were 5.0% lower in 2007 (• 22.32 per unit) than in 2003 (• 23.50). This fall in prices was caused by, amongst others:
- Growing concentration in retail and increased competition from store brands as well as from non-specialised retailers such as super- and hypermarkets;
- Increased imports from countries with lower production costs.

## Consumption of knitted tops for women by EU countries, 2003-2007, in volume and in value

| | 2003 | | 2005 | | 2007 | |
|---|---|---|---|---|---|---|
| **Country** | **Millio nunits** | **• million** | **Millio nunits** | **• million** | **Millio nunits** | **• million** |
| Germany | 146 | 3,614 | 144 | 3,530 | 147 | 3,561 |
| United Kingdom | 107 | 2,951 | 118 | 2,984 | 121 | 3,029 |
| Italy | 93 | 2,530 | 97 | 2,611 | 98 | 2,617 |
| France | 97 | 2,352 | 98 | 2,357 | 101 | 2,410 |
| Spain | 64 | 1,784 | 69 | 1,792 | 71 | 1,845 |
| Netherlands | 29 | 715 | 28 | 655 | 30 | 667 |
| Belgium | 18 | 489 | 20 | 538 | 21 | 541 |
| Other EU countries (20) | 215 | 3,635 | 229 | 3,975 | 229 | 3,588 |
| Total EU | 769 | 18,070 | 803 | 18,442 | 818 | 18,258 |

**Source: Derived from several sources**

Purchases of flat knitted tops by women in 2007 consisted of an estimated 35% jumpers, 25% cardigans and 40% sweaters (in terms of volume). The main emerging trend in the period under review was towards casual wear for the office and leisurewear for home, which resulted for instance in increased sales of sweaters. Average consumer prices in 2006 and in 2007 were around • 24 for jumpers, • 23 for cardigans and • 20 for sweaters, according to several sources.

In the EU, the overall growth of the women's knitted tops market increased about 2% during the first three quarters of 2008, which would take the year-total to about • 18.6 billion. Recent developments in the (global) financial markets make forecasting for the coming years complicated. The Clothesource reported recently (October 2008):

- Inflation began to recede in almost every clothing-manufacturing country, as food and energy prices started falling sharply, and many exporting countries began seeing their currency's long-term appreciation reversing.
- Inventory tightening, credit shortages and nervous lenders meant modest retail sale falls and created serious crises for many suppliers around the world. On the basis of rumours, such as banks' refusal to honour letters of credit, trading partners started the cancelling of more orders in mid-stream, while suppliers have begun tightening their policies on getting paid, to the point of turning away reliable business.

## Types of materials

Types of materials varied strongly across the EU member states, but in all EU countries manmade fibres was the most popular material. Man-made yarns used for knitted tops are mostly made of staple fibres, mainly synthetics such as acrylic, but there are also tops on the EU market made from viscose or acetate filament fibres and even from synthetic filament. Knitted tops from yarns made of man-made fibres are not subdivided by type of fibre, staple or filament. Particularly in the UK, the market share of man-made fibres increased in the review period, at the cost of wool and hair. Cotton and other natural materials, like silk and linen stabilised.

**Source: Internet, November, 2008**

## ब्रुटोन पदकबाट सम्मानित



यस महासंघका साधारण सदस्य फर्म ट्रेड *प्यालेसका* जेमोलोजिष्ट **श्री कुन्दन सर्राफ**लाई संयुक्त अधिराज्य (बेलायत) स्थित जेमोलोजिकल एशोसिएशन अफ ग्रेट ब्रिटेनले डिप्लोमामा सर्वोकृष्ट भएकोमा उहाँलाई ब्रुटोन पदकबाट हालै विभूषित गरिएको जानकारी प्राप्त भएको छ। उक्त डिप्लोमा कोर्षको अवधि एक वर्ष रहेको छ। श्री सर्राफको उत्तरोत्तर प्रगति तथा व्यक्तिगत सफलताको लागि महासंघ शुभकामना व्यक्त गर्दछ।

# विविध संघ संस्था सम्बन्धी गतिविधि

## स्वच्छ व्यवसाय व्यापार मेला, २००८

स्वच्छ उत्पादन र व्यवसायिकरणको अवधारणा अनुरुप हस्तकला लगायत कृषि, खाद्य वस्तु लगायत विभिन्न उत्पादनहरुको प्रचार प्रसार गरी व्यपार प्रबर्द्धन गर्न सहयोग पुऱ्याउने उद्देश्यले स्वच्छ व्यवसाय समूह, नेपाल ९ँत्न, ल्भउबा० द्वारा विगत १० वर्षदेखि प्रत्येक वर्ष स्वच्छ व्यवसाय प्रदर्शनीको आयोजना गर्दै आएको छ । यसै क्रममा ँत्न, ल्भउबा द्वारा नेपाल हस्तकला महासंघ लगायत विभिन्न संस्थाहरुको सहयोग एवं संलग्नतामा २०६५ मंसिर १६ र १७ गते त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरमा स्वच्छ व्यवसाय व्यापार मेला २००८ आयोजना गरियो । माननीय उद्योग मन्त्री अष्टलक्ष्मी शाक्यको प्रमुख आतिथ्यमा उद्घाटन सम्पन्न उक्त मेलामा स्वच्छ व्यवसायमा संलग्न २७ वटा संघ संस्थाको सहभागिता रहेको थियो ।

मेला उद्घाटनको प्रारम्भमा उपस्थित महानुभावहरु तथा मेलाका सहभागीहरुको स्वागत गर्दै उक्त संस्थाकी अध्यक्ष श्री पद्मासन्ना शाक्यले संस्थाको विविध गतिविधिबारे चर्चा गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो । उक्त अवसरमा सभालाई सम्बोधन गर्दै माननीय मन्त्रीज्यूले देशको समग्र विकास तथा आर्थिक सम्मुन्नतिका लागि गाउँ गाउँको विकास आवश्यक भएको बताउँदै स्वच्छ व्यवसाय समूह, नेपालको प्रयास एवं पहलको सराहना गर्दै यस मेलाबाट सम्बन्धित क्षेत्रको प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गर्नुभयो । उक्त अवसरमा सो संस्थाका सहसचिव श्री चित्रबहादुर के.सी.ले प्रमुख अतिथि, अतिथि, सहभागी लगायत मेला आयोजना गर्न सहयोग गर्ने सबैमा धन्यवाद ज्ञापन गनुभयो । स्वच्छ व्यवसाय सम्बन्धी यस मेलामा संस्थामा आबद्ध तथा अन्य फर्म एवं संस्था गरी २७ वटा संस्थाको सहभागिता रहेको थियो । मेलामा सहभागीहरुले सुतिजन्य, पश्मिना, ऊनीजन्य, धातुकला, सेरामिक, चित्रकला, प्राकृतिक रेशाजन्य वस्तु, विविध हस्तकला तथा कृषिजन्य विभिन्न वस्तुहरुको सहभागिता रहेको थियो ।

## थारु महोत्सव, २००८ आयोजना

नेपाली हस्तकलाका वस्तु एवं उत्पादनहरुको स्वदेश एवं विदेशमा व्यवसायिक प्रचार प्रसार गरी तिनको बजार तथा निकासी प्रबर्द्धन गर्न साना हस्तकला नामक संस्थाले विभिन्न समयमा हस्तकलाको बजार प्रबर्द्धन सम्बन्धी विभिन्न गतिविधिहरु संचालन गर्दै आएको छ । यस क्रममा यस संस्थाद्वारा विगत केही वर्षदेखि नेपाल अधिराज्यका विभिन्न जनजातीहरुको भेषाभूषा, पहिरन, गर गहना एवं सांस्कृतिक महत्वका वस्तुहरुको प्रदर्शनी गरी तिनको बजार एवं व्यवसाय प्रबर्द्धन पहल गर्दै आएको छ । यस क्रममा सो संस्थाले विगतमा मिथिला महोत्सव र नेवा: महोत्सव आयोजना गरिसकेको छ ।

साना हस्तकलाको आयोजनामा २०६५ मंसिर २९ गतेका दिन ललितपुर कुपण्डोलस्थित सो संस्थाको प्रदर्शनी कक्ष परिसरमा थारु महोत्सवको आयोजना गरियो । सो अवसरमा थारु जातिले प्रयोग गरिने भेषभूषा, गहना, भाँडावर्तन, कलाकृति, सिर्जना, संस्कृति तथा तिनीहरुले उत्पादन गर्ने विभिन्न हस्तकलाका वस्तुहरुको प्रदर्शनी गरिएको थियो । उक्त अवसरमा थारु उद्यमीहरुबाट प्राकृतिक रेशाबाट सुकुल, चकटी बुन्ने, आकर्षण बुट्टेदार तन्ना, तकिया सिउँने, मुखमा चित्र कोर्ने जस्ता सीपको जीवन्त प्रदर्शनी समेत गरिएको थियो । कार्यक्रममा स्वदेशी तथा विदेशी आगन्तुक, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु लगायत सम्बन्धित उद्यमी व्यवसायी तथा निकासीकर्ताहरुको उल्लेख्य रुपमा उपस्थिति रहेको थियो । यस प्रकारकको कार्यक्रमको आयोजनाबाट स्थलगत रुपमा बिक्री प्रबर्द्धन हुनुका साथै नेपाल

## उद्योग व्यवसायका समसामयिक चुनौती सम्बन्धी बृहत अन्तरक्रिया

आर्थिक ऐजेण्डालाई प्रमख प्राथमिकता दिई नयाँ नेपाल निमाृणका साथै संघिय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकाससंगै नयाँ संविधानको निर्माणमार्फत देशको दीगो विकास एवं स्थायी शान्तिको स्थापना गनृ वर्तमान सरकार लागि परेता पनि ऐन नियम विपरीत उद्योग व्यवसायले धान्ने नसक्ने माग राखी उद्योग धन्दा बन्द तथा हड्ताल गर्ने परिपाटीको विकासले गर्दा उद्योग व्यवसाय क्षेत्रमा प्रतिकुल असर पदृ गएको छ । यसै परिप्रेक्ष्यमा उद्योग व्यवसाय क्षेत्रमा विद्यमान समस्या समाधान, उद्योगको प्रतिस्पर्धी क्षमता एवं उच्च गुयास्तर अभिबृद्धि गर्न तथा समयसापेक्ष ऐन, नियम तथा नीतिको तर्जूमा गर्न सहयोग पुऱ्याउने उद्देश्यले नेपाल उद्योग वाणिज्य महासंद्बारा हालै उद्योग व्यवसायका समसामयिक चुनौती सम्न्धी बृहत अन्तरक्रियाको आयोजना गरियो । उक्त कार्यक्रममा उद्योग वाणिज्य क्षेत्रबाट संविधान सभाका लागि प्रतिनिधित्व गर्नुहुने सभासद्हरुको उपस्थितिका साथै विभिन्न संघ संस्थाका प्रतिनिधिहरु तथा विभिन्न क्षेत्रबाट उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो । उक्त अवसरमा देशको वर्तमान संक्रमनकालिन अवस्थामा विश्वव्यापी रुपमा आएको आर्थिक मन्दीको असर न्यून गरी आर्थिक क्षेत्रमा लक्षित विकास हासिल गर्न उद्योग व्यवसायमा थप लगानी श्रृजना हुने, उत्पादनमा निरन्तरता तथा उत्पादकत्वमा बृद्धि हुने, लगानी मैत्री वातावरण र संक्रमणकालको चुनौति सामना गर्न सक्ने निजप क्षेत्र र उद्योग व्यवसायसंग सम्बद्ध विशेषत: आर्थिक, औद्योगिक, बाह्य लगानी तथा सुमधुर श्रम सम्बन्ध विकासमा सहयोग हुने खालको उपयुक्त नीति, नियम तथा ऐनको आवइश्यकता एवं तर्जुमा सम्बन्ध बृहत छलफल भएको जनाइएको छ ।

## महासंघको प्रकाशनहरू

| | | |
|---|---|---|
| 1. | The Iconography of Nepalese Buddhism | US$ 10.00 |
| 2. | Short Description of Gods & Goddesses | US$ 03.00 |
| 3. | Product Catalogue (8 Sheets per set) | US$ 03.00 |
| 4. | Artistic Heritage of Nepal | US$ 10.00 |
| 5. | Sacred Art of Nepal | US$ 30.00 |
| | (All price include mailing charges) | |

To

प्रकाशक:

**नेपाल हस्तकला महासंघ**

पो.व.नं. ७८४, उपमामार्ग, थापाथली
काठमाडौं, नेपाल
फोन : ४२४३०१५, ४२४४२३१, ४२४५४६७
फ्याक्स: ९७७–१–४२२२९४०
E mail: han @ wlink.com.np
URL: www.nepalhandicraft.org.np

**सम्पादक**

देबराज बज्राचार्य, ऋषिराज सुवेदी